# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, चैत १८गते २०५५ साल (अतिरिक्ताङ्क ८०

## भाग ३

### श्री ५ को सरकार
### गृह मन्त्रालयको सूचना

#### विभूषण (तेस्रो संशोधन) नियमावली, २०५५

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले देहायका नियमहरू स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरूको नाम "विभूषण (तेस्रो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०४८ को नियम ४३ मा संशोधन:

विभूषण नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४३ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :– "(ग१) विशिष्ट सेवा पदक"

३. मूल नियमावलीमा नियम ४३ख. थप : मूल नियमावलीको नियम ४३क पछि देहायको नियम ४३ख. थपिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"४३ख. विशिष्ट सेवा पदक : (१) श्री ५ महाराजाधिराजमा विशिष्ट सेवा पुन्याउने व्यक्तिलाई कदर स्वरूप विशिष्ट सेवा पदक प्रदान हुन सक्नेछ ।

(२) विशिष्ट सेवा पदकको बनौट तथा आकार प्रकार परिशिष्ट–४ को अनुसूची–१क मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिमको पदक प्राप्त गर्ने व्यक्तिले पटक पटक श्री ५ महाराजाधिराजका हजूरमा विशिष्ट सेवा पुन्याएका अवस्थामा निजलाई दोस्रो पटक भए लौह, तेस्रो पटक भए ताम्र, चौथो पटक भए रजत र पाँचौं पटक भए स्वर्ण खड्गयुक्त षट्कोणलाई घेरिएको वृत्ताकार स्वल्पकार पदक प्रदान हुन सक्नेछ ।"

४. मूल नियमावलीको नियम ४४ मा संशोधन : मूल नियमावलीको नियम ४४ को उपनियम (२) मा रहेका "अनुसूची–१क" भन्ने शब्द र अंकको सट्टा "अनुसूची –१ख" भन्ने शब्द र अंक राखिएका छन् ।

५. मूल नियमावलीको नियम ७५ मा संशोधन : मूल नियमावलीको नियम ७५ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :– "(ग१) विशिष्ट सेवा पदक"

६. मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची –१क मा संशोधन : मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची–१क को सट्टा देहायको अनुसूची–१क राखिएको छ :–

"अनुसूची–१क

विशिष्ट सेवा पदक

१. मण्डल: यो मण्डल ३.८ सेन्टिमिटर स्वेत गोलाकार हुनेछ । यसको मध्यभागमा २.५ सेन्टिमिटरको गोलाकार व्यास बाहिर वरिपरी सूर्यको बाह्रकोणको बीच-बीचमा साना किरण हुनेछ र यस गोलाकार व्यासको बीचमा खड्गयुक्त षट्कोण र सो षट्कोणको मुनि "विशिष्ट सेवा पदक" भन्ने शब्दहरू अंकित हुनेछन् । मण्डल झुण्डिने स्थानमा कलश र कलशको दायाँ बायाँ दुई खुकुरी-हरूले मण्डललाई च्यापेका हुनेछन् । मण्डलको पछिल्तिर मध्य भागमा खप्टीएका दुई खुकुरीहरू रहनेछन् र ती खुकुरीहरू माथि "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव" भन्ने शब्दहरू र सो खुकुरी मुनि "नेपाल" भन्ने शब्द र सो भन्दा मुनि "२०५५" भन्ने अंकहरू अंकित हुनेछन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पट्टिकाः यो पट्टिकाको नीलो, रातो, सेतो, रातो र नीलो गरी ५ वटा समानुपातिक उर्ध्व पाटाहरूयुक्त रेशमले बनेको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटरको हुनेछ ।"

७. मूल नियमावलीको परिशिष्ट ४ मा अनुसूची–१ख थपः मूल नियमावलीको परिशिष्ट ४ को अनुसूची–१क. पछि देहायको अनुसूची–१ख. थपिएको छः–

"अनुसूची–१ख

सुप्रशंसनीय पट्ट

१. मण्डलः यो मण्डल चाँदीको गोलाकार हुनेछ । यसको मध्य भागमा नेपालको मानचित्रको पृष्टभूमिमा १६ पत्रयुक्त कमल हुनेछ । मानचित्रको माथितिर राजमुकुट हुनेछ । तलतिर यो पदकको आदर्श बाक्य "पुरुषस्तावदेवासौ यावन्मानान्नहीयते" अंकित हुनेछ । यसको पछिल्तिर मध्य भागमा "२०२०" अंकित हुनेछ । तथा माथितिर वृत्ताकार रूपमा "श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव" शब्दहरू अंकित हुनेछन् । मण्डल झुण्डने स्थानमा रजत कलशको दायाँ बायाँ दुइवटा खुकुरीहरूले मण्डललाई च्यापेका हुनेछन् ।

२. पट्टिकाः यो पट्टिकाको दायाँ बायाँ सेतो रङ्गको र बीचमा नीलो समान नापका तीन समानको तीन उर्ध्व पाटायुक्त रेशमको हुनेछ । यसको चौडाई ३.२ सेन्टिमिटरको हुनेछ ।"

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागू हुनेछ।
९८९२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।